'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : १८४ शुक्रवार १६ फागुन, २०८१ 28 (Friday) February 2025 पृष्ठ ४, मूल्य रु : १०।-

## बर्दियाको पहिलो तीन तारे विद्यालय घोषणा

# "विद्यालयको गुणस्तर सुधार गर्न सरसफाइ महत्त्वपूर्ण" – गौतम

■ सरला सुवेदी
नेपालगन्ज, फागुन/१५



बारबर्दिया नगरपालिका-११ स्थित श्री नेपाल प्राज्ञिक आधार भूत विद्यालय जब्दी बर्दियाको पहिलो तीन तारे विद्यालय घोषणा भएको छ । विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि २०७४ अनुसार मापदण्ड पूरा गरेपछि उक्त विद्यालयलाई तीन तारे विद्यालयको मान्यता दिइएको हो। नेपाल सरकारको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि २०७४ अनुरूप आवश्यक मापदण्ड पूरा गरेपछि विद्यालयलाई तेस्रो तारा प्रदान गरिएको बारबर्दिया नगर पालिका नगर प्रमुख छविलाल थारूले बताउनुभयो। उहाँका अनुसार नगरपालिकाले विद्यालयहरूको खानेपानी, सरसफाइ तथा स्वच्छता सुधारका लागि २०७४ मा ल्याइएको कार्यविधिलाई परिमार्जन गर्दै २०८१ मा नयाँ मापदण्ड लागू गरेको छ । नगरपालिकाले बनाएको कार्यविधिअनुसार विद्यालयहरूको अनुगमन, मूल्यांकन तथा अंक गणना गर्दा ३० अंक पुगेपछि तीन तारे विद्यालय घोषणा गर्ने नीति बनाइएको छ। श्री नेपाल प्राज्ञिक आधारभूत विद्यालयले तीन तारका लागि आवश्यक सबै मापदण्ड पूरा गरेपछि नगरपालिकाको सामाजिक विकास समितिले निर्णयलाई अनुमोदन गरेको हो।

विद्यालय घोषणा कार्यक्रममा पूर्व सिंचाइ मन्त्री एवं पूर्व सभासद सञ्जय गौतमले विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न सरसफाइ र स्वच्छता अपरिहार्य रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न सरसफाइ महत्त्वपूर्ण छ। स्वच्छ वातावरणले विद्यार्थीहरूको सिकाइ क्षमता वृद्धि गर्छ। सरसफाइको बेवास्ताले स्वास्थ्यमा असर पर्न सक्छ, जसले प्रत्यक्ष रूपमा शिक्षामा प्रभाव पार्छ।" उहाँले विद्यालयलाई तीन तारे स्तरमा पुऱ्याउन सहयोग गर्ने संबद्ध निकायहरू, अभिभावक, शिक्षक तथा गैरसरकारी संस्थाहरूको भूमिकाको प्रशंसा गर्दै भविष्यमा पनि निरन्तर सुधार गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो। नेपाल सरकारको कार्यविधिअनुसार बर्दियाका विभिन्न स्थानीय तहहरूमा विद्यालय सरसफाइ सुधारका कार्यक्रमहरू लागू भइरहेका छन्। हालसम्म गुलरिया, बारबर्दिया, मधुवन नगरपालिका र गेरुवा गाउँपालिकाले विद्यालय सरसफाइ कार्यविधि लागू गरिसकेका छन् भने ठाकुरबाबा नगरपालिका कार्यविधि निर्माण प्रक्रियामा छ। बारबर्दिया नगरपालिकाले थप तीन विद्यालयलाई पनि तीन तारे विद्यालय घोषणा गर्ने तयारी गरिर

बाँकी ३ पेजमा

# बाजुरा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डको उपाधि बडीमालिकालाई



■ नमस्ते समचारदाता
बाजुरा, फागुन/१५

बाजुरा जिल्ला स्तरीय १५ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीता सम्पन्न भएको छ । उक्त रनिङ शिल्ड प्रतियोगीताको उपाधि बडीमालिका नगरपालिकाले हात पारेको छ । जिल्लाका ८ वटा पालिकालाई पछाडि पार्दै १८ स्वर्णसहित जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डको उपाधि जित्न सफल भएको हो । जिल्ला खेलकुद समितिका अनुसार जिल्ला स्तरीय रनिङ शिल्ड प्रतियोगीतामा १८ स्वर्ण, १५ रजत र १३ काँस्य सहित बडीमालिका नगरपालिका प्रथम भएको जनाएको छ । त्यस्तै १८ स्वर्ण, ७ रजत र १० काँस्य सहित बुढीनन्दा नगरपालिका द्धितीय भएको छ भने ११ स्वर्ण, १७ रजत र १३ काँस्य सहित बुढीगंगा नगरपालिका तृतीय भएको छ । त्यसै गरी प्रतियोगीतामा ७ स्वर्ण, ११ रजत र २४ काँस्य सहित खप्तड छेडेदह गाउँपालिका सान्त्वना भएको छ । गत बर्ष गृहपालिकामै सञ्चालन भएको जिल्ला स्तरीय रनिङ शिल्डमा बडीमालिकालाई हराउँदै उपाधि जित्न सफल भएको बुढीनन्दाले यस बर्ष भने द्धितीयमै चित्त बुझाएको छ। त्यस्तै त्रिवेणी नगरपालिकाले ५ स्वर्ण, १२ रजत, १५ काँस्य, स्वामीकार्तिक खापर गाउँपालिकाले ४ स्वर्ण, २ रजत, १ काँस्य, गौमुलले १ स्वर्ण, २ रजत, ८ काँस्य, जगन्नाथले १ स्वर्ण, ५ काँस्य र हिमाली गाउँपालिकाले १ स्वर्ण र १ काँस्य पदक प्राप्त गरेको छ । बर्षौंदेखि जिल्ला स्तरीय रनिङ शिल्डको उपाधि जित्दै आएको बडीमालिकाले भने गत बर्ष आफ्नै बिरासत जोगाउन सकेन् । तर यस बर्ष भने फेरी पहिलेकै बिरासत जोगाउन सफल भएको छ । गत बर्षको जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डको उपाधि १८ स्वर्ण र २१ काँस्य पदकसहित बुढीनन्दाले हात पारेको थियो । त्यस्तै बडीमालिकाले १८ स्वर्ण, १४ रजत र ६ काँस्यसहित द्धितीय र ८ स्वर्ण, १४ रजत र ४ काँस्यसहित खप्तड छेडेदह तृतीय भएको थियो । फागुन १२ गतेदेखि बुढीगंगा नगरपालिकाको भानोदय माविमा सञ्चालन भएको रनिङ शिल्ड आज सम्पन्न भएको छ । उक्त जिल्ला स्तरीय रनिङ शिल्ड प्रतियोगीताको उद्धाटन सुदूर पश्चिम प्रदेशका पूर्व प्रदेश प्रमुख देवराज जोशीले गरेका थिए ।

# स्व. वीरेन्द्र स्मृति क्रिकेट प्रतियोगिता कोहलपुरमा शुरु,

■ नमस्ते समचारदाता
कोहलपुर, फागुन/१५



बाँकेको कोहलपुरमा स्व. वीरेन्द्र स्मृति क्रिकेट प्रतियोगिता विहिवारवाट प्रस्तावित अन्तराष्ट्रिय क्रिकेट मैदान केहलपुरमा शुरु भएको छ । कोहलपुर ३ किरननालाका स्व. वीरेन्द्र शाहिको स्मृतिमा कोहलपुर २ मा रहेको युनाईटेड भिजन क्रिकेट क्लवको आयोजनामा वीरेन्द्र शाहीको स्मृतिमा तेस्रो संस्करण अन्तरगत खुल्ला टि २० क्रिकेट प्रतियोगिता शुरु भएको हो । विहिवार खेल उदघाटन गर्दै लुम्विनी प्रदेश खेलकुद परिषदका सदस्य सचिव तिरण गौतमले लुम्विनी प्रदेशलाई खेलकुदको हव वनाउने वचनवद्धता ब्यक्त गरेका छन । उनले चालु बर्षमा खेल क्षेत्रमा न्युन वजेट भएकाले प्रदेशभरि हुने खेलकुदमा खर्च ब्यबस्थापन गर्न नसकेको उल्लेख गर्दै आगामि बर्षमा खेल क्षेत्रमा उल्लेख्य वजेट वनियोजनकालागि सम्वन्धित निकायको ध्यानाकर्षण गराउने वताए । प्रदेशभरि उर्वर युवाहरु भएको र उनीहरुको सच्चा देशभक्तिलाई उच्च सम्मान गर्दै प्रदेश खेलकुद समितिले यथेष्ठ खेलकुदमा सहभागिता गराउने ध्यय लिएकाले कसैलाई पनि काखापाखा नगरि प्रदेशले देखिनेगरि खेल क्षेत्रलाई प्राथामिकतामा राखेको उल्लेख गरे । क्लवका अध्यक्ष अध्यक्ष गम्भिरजंग मल्लको अध्यक्षतामा आयोजित उदघाटन शत्रमा कोहलपुर नगरपालिका वडा नं. १ का वडा अध्यक्ष बद्रि प्रसाद जैसि, वडा नं. ५ का वडा अध्यक्ष दिपेन्द्र श्रेष्ठ, वडा नं. ११ का वडा अध्यक्ष कल्पना शर्मा अधिकारी, वडा नं. १२ का वडा अध्यक्ष वीरेन्द्र कुमार शाह, पुर्व राष्ट्रिय क्रिकेटका कप्तान एलवि क्षेत्रि लगाएतले प्रतियोगिता सफलताको शुभकामना ब्यक्त गरेका थिए । उदघाटन खेल सि.एम ११ दाङ्ग र सि क्लव नेपालगञ्जविच सम्पन्न भएको छ । स्व. वीरेन्द्र शाहि स्मृति खुल्ला टि२० क्रिकेट प्रतियोगिता अन्तर्गत आज भएको उद्धाटन खेलमा सि यूवा क्लब नेपालगन्जले विजयी सुरुवात गरेको छ।

प्रतियोगिताको पहिलो खेलमा सि यूवा क्लब नेपालगन्जले दिएको १२३ रनको लक्ष्य पछाएको सि।एम एघार युवा क्लब दाङ्ग ले निर्धारीत २० ओभरमा ८ विकेट गुमाउँदै ११२ रन मात्र बनाए पछि खेल सि यूवा क्लब नेपालगन्जले १० रनले जितेको थियो । सि।एम एघार युवा क्लब दाङ्गका लागि नवराज शाहीले सर्बाधिक ३५ रन बनाएका थिए भने आकाश खत्रीले २९ रन बनाएका थिए । सि यूवा क्लब नेपालगन्जका अजय शाहानीले सर्बाधिक ३ विकेट लिए भने निशान्त आचार्य र सौगात खत्रीले समान २-२ विकेट लिएका थिए। यसअघि टस जितेर पहिला ब्याटिंग गरेको सि यूवा

बाँकी ३ पेजमा

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्धारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# देश नबन्नुका १० कारण

**सुदर्शन आचार्य**

मुलुकमा यतिबेला चरम राजनीतिक अन्यौलता छाएको छ। राजनीतिक स्थिरता, सुशासन, विधिका शासन, न्याय सम्पादन, भिजन सहित मुलुक निर्माण जस्ता विषयहरू ओझेलमा परेका छन्। उत्ताउला अभिव्यक्ति दिएर जनतालाई उत्तेजनाको राजनीतिमा समाहित गराउँदै आफ्नो स्वार्थ सिद्ध गर्नेहरू बलिया झैँ देखिन थालेका छन्। सत्ताको बागडोर सम्हाल्नेहरूले पनि सत्तामा जानु पूर्व गरेका वाचा भुल्ने र विपक्षमा पुगेकाहरू पनि आफै सत्तामा रहँदाका 'हर्कत' बिर्सने परम्पराले 'मूलधार'का भनिएका दलप्रतिको विश्वासमा समेत व्यापक गिरावट देखिन्छ। मूलधारका दल भित्रका केही नेता देखिन्छन् जसप्रति जनतामा एक प्रकारको भरोसा छ। तर, उनीहरू पार्टी र सत्ता राजनीतिमा 'फस्ट म्यान' बनेर स्थापित हुन हम्मे हम्मे छ। परम्परागत दलको यही कमजोरीमा खेलेर केही नयाँ भनिएका दलहरू 'उत्तेजनाको राजनीति'को बलमा संगठन निर्माण गर्दैछ। जुन योजनाबारे जनताको तहसम्ममा नै ज्ञान पुग्न र पुऱ्याउन नसक्दा भोलीको नेपालको चित्र कस्तो होला अहिले नै अनुमान लगाउन कठिन छ। समग्रमा यस आलेख भने 'नेपाल नबन्नुका दश कारण'मा नै केन्द्रित छ।

१) **राजनीतिक अस्थिरता**

२०७९ को आम निर्वाचन यता मात्रै पनि फरक फरक राजनीतिक दल सत्ता सहकार्य गरेर पुष्पकमल दाहालले सरकार बनाए। उनले आवेगमा 'मेरो सरकार ०८४ सम्म नै'सम्म पनि भन्न भ्याए। निर्वाचन पूर्व गठबन्धन काङ्ग्रेससँग, प्रधानमन्त्री पद प्राप्ति एमालेसँग र पुनः राष्ट्रपति पद कांग्रेसलाई सुम्पिएर प्रचण्डले सत्ता राजनीतिलाई यति अस्थिर गराए कि मिल्न नसक्ने र मिल्नै नहुने 'कांग्रेस-एमाले' एकै ठाउँमा आएदिए। मुलुकलाई अस्थिर राजनीतिको दुष्चक्रमा धकेल्ने काममा त 'प्रचण्ड' प्रयोग भए नै, संविधान संशोधन गरी छाड्ने 'कपाली तमसुक' बनाएर सत्ता निर्माण गर्न बाध्य भनिएका 'कांग्रेस-एमाले' संविधान संशोधनमा एकै ठाउँमा उपस्थित हुन सकेनन् भने त्यो समयमा निम्तिने 'राजनीतिक अस्थिरता'ले व्यवस्था माथि नै प्रहार नगर्ला भन्न सकिन्न।

२) **भिजनरहित नेतृत्व**

नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र जस्ता राजनीतिक दल मुलुकको व्यवस्था परिवर्तनमा 'काबिल' भए। तर, 'भिजन'सहित देशलाई समृद्धिको मार्गमा लैजान भने पुरै विफल। मलेसिया जस्तो देशले बिस बर्से 'प्लान' सार्वजनिक गर्दै विकासको गतिलाई तीव्रता दिँदै गर्दा नेपालले भने पाँच वर्षे योजना ल्याउने, त्यही योजना कार्यान्वयन गर्ने समयमा पनि राजनीतिक अस्थिरताका कारण पाँच वटै सरकार देखा पर्दा मुलुकले विकासका दृष्टिले फड्को मार्न सकेन। आज पहाडी भूभागमा 'भ्यु टावर' नामको 'कङ्क्रिट'को स्तम्भ खडा गरेर बजेट स्वाहा बनाइँदै छ। हिमाल, पहाड र मधेसको माटो परीक्षण गरेर उन्नत प्रकारका बिउ बिजन कृषकलाई उपलब्ध गराएर कृषि क्रान्तिदेखि उद्योगीलाई उद्योग गर्ने वातावरण निर्माण गरेर 'औद्योगिक क्रान्ति'मा मुलुकलाई लैजानबाट सरकार र दलहरू पुरै चुके। नेतृत्वमा भिजन हुँदा राष्ट्रले गति लिने कुरा उत्तरी मुलुक चीनमा 'देङ्ग' देखि दक्षिणी मुलुक भारतमा 'मोदी'सम्मले देखाइसकेका छन्। तर, नेपालमा भने कांग्रेस, एमाले, माओवादी जस्ता दलका उपल्लो तहका नेताले 'भिजन' देखाउन पनि नसक्ने र भिजन भएकाहरूलाई अगाडि आउनबाट 'नरोकी नहुने' मनोविज्ञानले देश बन्न कठिन नै छ।

३) **नीतिगत निर्णयका आधारमा भ्रष्टाचार**

देश नबन्नुको अर्को कारण हो भ्रष्टाचार। संसदले निर्माण गरेको कानुनले 'मन्त्री परिषद्ले गरेको नीतिगत निर्णय'लाई भ्रष्टाचार नै मानेको छैन। यही कानुनको हाँगोमा समातेर प्रजातन्त्र प्राप्ति यताका सरकारहरूले ठुला आर्थिक अनियमितता विषयलाई 'मन्त्री परिषद्'मै लगेर निर्णय लिने र अरबौंको आर्थिक अनियमितता गर्ने गरेको पाइन्छ। ललिता निवास, वाइडबडी, पतञ्जलि लगायत दर्जनौं विषयहरू यहाँ उल्लेख गर्न सकिन्छ। नीतिगत निर्णयका, जहाँ अर्बौं भ्रष्टाचार भयो भनेर महालेखाले आफ्नो प्रतिवेदनमा उल्लेख गऱ्यो भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा नै चलायो। तथापि, नीतिगत निर्णयको 'छिद्र' राखेर निर्माण भएको कानुनको हाँगो समाएर गरिने भ्रष्टाचारमा कमी आउन सकेन। यसरी कसरी बन्ला देश ?

४) **बिचौलियाको रजगज**

राजनीतिक अस्थिरताका कारण सरकारमा बारम्बार भइरहने फेरबदलका पछाडि 'भ्रष्ट तथा बिचौलिया'हरू नै हाबी हुने गरेको देखिन्छ। एकातिर राजनीतिक दलकै उपल्लो तहमै त्यो पनि पदीय हैसियतमा 'बिचौलिया' पुगिनै सकेका छन्। तीनै बिचौलिया आज पार्टीहरू भित्र गुट निर्माण गरी पार्टीलाई गुट नै गुटको 'महासंघ' निर्माणमा उद्धत छन् भने अर्कातिर बारम्बार भइरहने सत्ता पलटमा तीनै बिचौलिया हाबी भएको देखिन्छ। पौडेवन्धुद्वय 'विकल र सुनिल'का नयाँ अवतारहरू आज राजनीतिक बजारमा छ्यापछ्याप्ती भेटिन्छन्। जसले न्यायालय, संवैधानिक निकायदेखि सरकारका मन्त्री प्रधानमन्त्रीसम्मको 'बेडरुम'सम्म नै सहज 'एक्सेस' पाउँछन्। यी र यस्ता बिचौलियाकै 'रजगज' चलेकै समय यति, ओम्नीदेखि ललिता निवास, टिकापुर, टेरामक्स, हुँदै भुटानी शरणार्थीसम्मका घटना भेटिने बाहेक 'सुशासन' भेटिने कल्पना गर्नु आफैमा हास्यास्पद हुन जान्छ। यी र यस्ता विषयमा राज्य संवेदनशील हुन नसक्दा 'सम्पत्ति शुद्धीकरण'का हिसाबले मुलुक आज 'ग्रे लिस्ट'मा परि नै सक्यो।

५) **कथित भूमिगत शक्तिकेन्द्र**

आज राजनीतिक वृत्तलाई नै 'माथ' गर्ने गरी नेपालको 'राजनीति'को कोर्स मात्र नभई 'व्यवस्था'नै 'ओलटफेर' गर्नेसम्मको योजना बोकेर शक्तिकेन्द्रहरू निर्माण भएको बताइन्छ। न्यायालयदेखि कर्मचारी प्रशासन तहबाट 'रिटायर्ड' निश्चित व्यक्तिहरू जमघट हुँदै राजनीतिक, आर्थिक, प्रशासनिक, न्यायिक लगायत क्षेत्रमा के कसरी 'ओलटफेर' गरेर व्यवस्थाकै विकल्पमा 'माहौल' निर्माण गर्न सकिन्छ भन्ने विषय उनीहरूको दैनिकीको एजेन्डा बन्ने गरेको समेत बताइन्छ। जहाँ पूर्व राजाका प्रतिनिधिदेखि नयाँ भनिएका दलकासम्म जम्मा भएर 'व्यवस्था परिवर्तन'को विषयलाई 'केन्द्र भाग'मा राखेर गरिने छलफल र त्यहीबाट 'डिजाइन' गरेर बजारमा फिँजाइने हल्लाले राजनीतिक क्षेत्रसहित अन्यत्र त छदै छ मुलुकको अर्थतन्त्रमा समेत गम्भीर असर पुऱ्याउन थालिएको छ।

६) **संसद् प्रतिको अपेक्षा**

संसदले सरकार त दिन्छ नै, संसदको मूलकाम भनेको 'कानुन' निर्माण गर्नु हो। तर, नेपालको संसदले जनअपेक्षा अनुसार कानुन निर्माणमा प्रभावकारी भूमिका खेल्नै सकेन। २०७९ मा निर्वाचन सम्पन्न यताको संसदले जम्मा ११ वटा कानुन निर्माण गऱ्यो। भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धी ऐन एकै मितिमा अगाडी बढेको थियो, अहिले उक्त दुई ऐन मध्ये 'अख्तियार' सम्बन्धी ऐनलाई अलपत्र पारेर भ्रष्टाचार निवारण सम्बन्धी ऐन मात्र अगाडी बढाइयो। जसका कारण नेपालको संसद् अख्तियारलाई बलियो बनाएर सुशासन कायम गर्ने सन्दर्भमा 'सकारात्मक' छैन भन्ने सन्देश प्रवाह हुँदा आम मानिस यतिबेला 'अब देश बन्दैन' भन्ने निष्कर्ष निकाल्न बाध्य भए।

७)**अनुत्तरदायी कर्मचारी संयन्त्र**

विदेश तालिम गोष्ठी आदिका नाममा जाने तर, सिकाइको प्रयोग कर्मचारी संयन्त्रमा पटक्कै देखिँदैन। नेपाल भित्रै पनि 'बोर्डर'का जिल्लाहरूमा अनुगमनका नाममा जाने र मनग्गे सपिङ गरेर फर्कने परम्परा नौलो रहेन। राजनीतिक तहलाई भ्रष्टाचार गर्नबाट रोक्नु पर्ने 'कर्मचारी प्रशासन' उल्टै 'बाँदरलाई भऱ्याङ' लगाइ रहेछ। ठुला-ठुला भ्रष्टाचार राजनीतिक तह एक्लैले सम्भव नै छैन। टिप्पणी उठाउनु पूर्वदेखि राजनीतिक तह र कर्मचारी प्रशासन नमिली भ्रष्टाचार सम्भव नै छैन। राजनीतिक तह 'नीतिगत निर्णय'का नाममा उम्कन्छ तर आफू भने आफैद्वारा हस्ताक्षरित कागजातकै कारण काठमाडौँ महानगरका तत्कालीन निर्देशक भैरव बहादुर बोगटी बन्न पुग्दछन्। आखिर निर्णय गर्ने तत्कालीन मेयर विद्यासुन्दर शाक्यले त उन्मुक्ति नै पाए। हुन त, सबै कर्मचारीलाई एउटै डालोमा हालेर भ्रष्ट भन्न खोजिएको होइन। कर्मचारी संयन्त्र आफै पनि चोखा छन् भने राजनीतिक तहलाई भ्रष्टाचार गर्ने तपाईँहरू, जेल जानु पर्ने चाहिँ हामी किन भनेर प्रश्न गर्ने आँट कर्मचारी संयन्त्रमा किन देखिन्न भन्ने प्रश्न अनुत्तरित नै छ।

८)**कमजोर बनाइयो संवैधानिक निकाय**

उन्मत्त 'लोकमान सिंह कार्की'लाई जब राजनीतिक तहले हिजो हटायो, तब संवैधानिक निकायमा समेत 'कार्कीकै नियति' भोग्नु पर्ला कि भनेर मनोबल गिर्ने र गिराउने काम भयो। जति दिन जिम्मेवारीको कुर्सीमा बसिन्छ, त्यति दिन निष्पक्ष कार्य सम्पादन गर्ने काममा समेत राजनीतिक दल र सत्ताले 'संवैधानिक निकाय'लाई आफ्नो छायामा पार्दै लग्यो। दीप बस्नेत तथा राजनारायण पाठक जस्ता व्यक्ति स्वयम आफै पनि इमानदार नभइदिँदा जनमानसमा कोही कसैप्रति पनि भरोसा नभएको सन्देश गयो। अर्कातिर अख्तियार, लोकसेवा, निर्वाचन आयोग जस्ता निकायको नियुक्तिको विषय नै न्यायालयले ढिलो छलफलमा ल्याइदिँदा ती निकायबाट गरिने कार्यसम्पादनको विषय समेत अलमलमा देखिन्छ। सुशासनका विषयमा निर्मम बन्नु पर्ने न्यायालय यतिवेला सुशासन कायम गर्नेदेखि निर्वाचन गराउनेसम्मका संवैधानिक निकायलाई बहसको विषयका रूपमा ढिलो ल्याएर राष्ट्रमै एक प्रकारको अन्यौलता सिर्जना भएको छ। जसको समेत प्रभाव सिङ्गो देशले अङ्गीकार गरेको व्यवस्थादेखि अर्थतन्त्र हुँदै 'कार्यसम्पादन'सम्ममा पर्ने नै भयो।

९) **क्षमता देखाउनै रोकिए युवा**

नयाँ भनिएकाहरूमा भरपुर युवा छन्। तर, उनीहरू उत्तेजनाको राजनीति गर्छन्! उता पुराना तथा परम्परागत दलमा रहेर राजनीतिमा परिपक्वपन देखाउँदै आएका युवालाई 'विचार र उमेर'ले सत्तरी कटेकाहरूले अगाडि आउनै दिँदैनन्! यो आश्चर्यजनक 'गोल्चक्कर'मा राजनीति रुमल्ली राखेको छ। पुराना दलमा रहेका युवाहरूको परीक्षण मुलुकले गर्नै पाएन। मन्त्री वा सांसदकै हैसियतमा मात्र गरेको परीक्षणले 'समग्र' व्यक्तिको परीक्षण मान्न सकिन्न। गुजरातमा मोदीले मुख्यमन्त्री रहँदा दिएको छनककै कारण केन्द्रीय सत्ता राजनीतिमा प्रधानमन्त्री पद नै पटक पटक पाए। चीनमा 'सी'ले आफै घोषणा गरेझैँ गरी मोदीले पाएका होइनन्, जनताबाटै अनुमोदित भए उनी। नेपालका सन्दर्भमा पनि 'मन्त्री वा सांसद'कै हैसियतमा केही युवाले भिजन देखाएका छन्। तर, उनकै हातमा केन्द्रीय राजनीति पुग्न भने आज हम्मे हम्मे भएको छ। सोही कारण भिजन सहितको रोडम्याप ल्याएर मुलुक निर्माणमा लाग्नबाट आज 'युवा नेता' रोकिन पुगेका छन्। जसका कारण वृद्धले देश बनाउँदैनन् र कांग्रेस, एमाले, माओवादी जस्ता दलमा युवालाई अगाडी आउन दिइन्न भन्ने भाष्य निर्माण भएको छ। तसर्थ पनि, देश निर्माण आज अवरुद्ध हुन पुगेको हो।

१०) **भू-राजनीतिक प्रभाव**

नेपालको केन्द्रीय सत्ताले यतिबेला भू-राजनीतिक प्रभावको आङ्कलन र व्यवस्थापन गर्नै सकेन। उत्तरी मुलुकमा गएर गरिएको 'विआरआई'को प्रभावको आङ्कलन नै नगरी दक्षिणी मुलुकको भ्रमणलाई प्राथमिकतामा राखेर पटक पटक गरिएको 'विफल' प्रयत्नले नेपाल पुनः एक पटक 'अस्थिरताको भूमरी'मा पर्ने निश्चित जस्तै छ। गते नै तोकेर दक्षिणी मुलुक जाने भाषण गर्ने प्रधानमन्त्री, आशातीत भेटको तारतम्य नै नमिलाई भ्रमणको घोषणा गर्ने सत्तारुढ घटकका अर्का नेता शेरबहादुर देउवा र सत्तामा रहँदा र विपक्षमा पुग्दा फरक फरक भू-राजनीतिक बुझ्ने र बोल्ने 'प्रचण्ड' सत्ता र अपोजिसनमा रहुन्जेल नेपालको राजनीतिमा सुधारको गुन्जाइस देखिन्न। भिमकाय दुई छिमेकी मुलुकसँगके समदुरी कायम गरी मुलुकको राजनीतिक, आर्थिक, लगायतको उन्नतिको सामना देख्नु पर्ने नेपालको नेतृत्व कहिले उत्तर र कहिले दक्षिणलाई 'देखाइदिन्छु' भन्दै छ। यस्ता अपरिपक्व अभिव्यक्तिले राष्ट्रको उन्नति सम्भव होला भन्ने प्रश्न अनुत्तरित छ। समग्रमा राष्टले यतिबेला समृद्धिको लय लिनै सकेन माथि उल्लेखित दश कारण भित्रबाट राजनीतिक नेतृत्व उम्कने ठाउँनै छैन आफ्नो देशको अवस्थाको हेक्का नै नराखी भाषणमा छिमेकी अन्य ठुला देशनै 'विघटन' गर्दिन्छु को शैलीमा गरिने 'फगत' भाषणले मात्र देश बन्ला ? बेडरुमसम्मै बिचौलियाको एक्सेस, अपारदर्शी नीतिगत निर्णय, संवैधानिक निकायलाई समेत मनोवैज्ञानिक दबाब, भ्रष्टाचारमैत्री न्यायालय, भूमिगत केन्द्रबाट दिइने सत्तामा निर्देशन जस्ता अमूर्त विषयले देश बन्न सम्भव नै छैन। आजका नेतृत्वले 'भिजन'सहित देश निर्माणमा योगदान दिन नसकेपछि सकिन भनेर छोड्दा लाज हुन्न। जति लाज कामै नगरी सत्तामा टासिइरहँदा हुन्छ। सवाल समग्र राजनीतिक दलप्रति हो, केवल कांग्रेस, एमाले, माओवादी लक्षित मात्र होइन। आज देश बनेन, यसमा विमति नहोला। तसर्थ, जबरजस्त रूपमा युवा नेताले देश निर्माणको मार्गचित्र सहित बहस अगाडि नल्याउँदा चाहिँ देश निर्माणमा भूमिका नखेलेको ठहरिन पुग्दछ।

**रातोपाटी बाट**




जन्म, मृत्यु, विवाह, बसाईं सराईं र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# भूमि आयोग जुम्लाका सदस्यहरुको सपथ ग्रहण: नतिजामुखी काम गर्ने प्रतिबद्धता




नमस्ते समाचारदाता
जुम्ला, फागुन/१४

भूमि समस्या समधान आयोग जिल्ला समिति जुम्लाका सदस्यहरुले सपथ ग्रहण गरेका छन् । सरकारबाट नियुक्ती बुझेर आएका विज्ञ सदस्य सहित अन्य दुई सदस्यहरुले पद तथा गोपनियताको सपथ ग्रहण गरेका हुन् । बिहिबार आयोजित एक समारोहका बीच भूमि समस्या समधान आयोग जुम्लाका अध्यक्ष सुरत बहादुर शाहीले सदस्यहरुलाई सपथ ग्रहण गर एका हुन् । आयोगका विज्ञ सदस्य सुमन आर्चाय, सदस्य (महिला) चन्द्रिका बस्नेत र खुला सदस्य धनप्रसाद उपाध्यायले सपथ ग्रहण गरेका हुन् । भूमिहिन दलित,सुकुम्बासी र अव्यवस्थित बसोबासीको भूमि सम्बन्धि समस्याको समधान गर्न सरकारले आयोग गठन गरि काम अघि बढाएको छ । सरकारले नियुक्त गरेका विज्ञ सदस्य,महिला सदस्य र सदस्यलाई सपथ ग्रहण गरेका हुन् ।आयोगका अध्यक्ष सुरत बहादुर शाहीले जिल्लाका सबै सरोकारवाला निकाय संग समन्वय सहकार्य गरि जुम्लामा भुमि सम्बन्धि समस्या समधानका लागि नतिजा मुखी काम गर्ने बताए । आठै पालिकाका प्रमुख उपप्रमुख,६० वटै वडाध्यक्षसंग समन्वय गरि काम अघि बढाइने छ । सपथ ग्रहणमा सहभागी नेपाली काँग्रेसका कार्यबाहक सभापति कार्मा बुढा,नेकपाका विर्ख बहादुर शाही,माओबादी केन्द्रका संयोजक नवराज न्यौपाने लगायतका दलका नेताले भूमि आयोगलाई जनमुखी र परि णाममुखी काम गर्न सुझाव दिए । जिल्लामा रहेका भूमि सम्बन्धि समस्या समधानमा राजनीतिकरण नगर्न र दलित विपन्न र अव्यवस्थित बसोबासीहरुको समस्या समधान गर्न तर्फ ध्यान दिन समेत आग्रह गरेका छन् । विज्ञ सदस्य सुमन आर्चायले भूमि सम्बन्धि समस्या समधान का सवाल कुनै पनि राजनीतिक रंग नदिईने प्रतिबद्धता व्यक्त गरे । विगतमा भएका कामको समीक्षा गर्दै अब परिणाम मुखी काम गर्ने उल्लेख गरे । नेपाल पत्रकार महासंघ जुम्लाका अध्यक्ष पूर्ण प्रसाद चौलागाँईले जुम्लामा अन्य जिल्लाको तुलनामा भुमि सम्बन्धि समस्या नभएपनि जिल्लाका भुमिहिन दलित,अव्यवस्थित बसोबासीको समस्या समधान गर्न शुभकामना दिए ।

# खेल पर्यटनको सम्भावना बढ्दै गएको छ : मुख्यमन्त्री आचार्य



नमस्ते समाचारदाता
दाङ, फागुन/१५

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले खेल पर्यटनको सम्भावना बढ्दै गएको बताउनु भएको छ । दोस्रो कपिलवस्तु तिलौराकोट खुला नकआउट राष्ट्रिय फुटबल प्रतियोगिताको उद्घाटन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले खेलकुदको माध्यमबाट आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न सकिने आधार तयार भएकोमा खुसी व्यक्त गर्नु भएको छ । मुख्यमन्त्री आचार्यले खेलकुद प्रतिस्पर्धा, अनुशासन र पारदर्शिता सिक्ने माध्यम भएकाले यसलाई जीवन पद्धतिसँग जोड्न सकिने उल्लेख गर्नु भयो । उहाँले प्रदेश तथा स्थानीय सरकारको सहकार्यमा खेल पूर्वाधारको विकास गर्न सकिने बताउँदै कपिलवस्तुमा रंगशाला निर्माणका लागि सरकार ले साझेदारी गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो ।'खेल पूर्वाधार विकास, खेलाडीको क्षमता अभिवृद्धि तथा नयाँ खेलाडी उत्पादनका लागि नियमित प्रतियोगिताहरू आयोजना गर्न प्रदेश सरकारले प्राथमिकताका साथ काम गरिर हेको छ,'मुख्यमन्त्री आचार्यले भन्नु भयो, 'कपिलवस्तुमा रंगशाला निर्माणका लागि स्थानीय सरकारका प्रमुखसँग मेरो छलफल भइसकेको छ। आगामी वर्षको सम्पूरक बजेटमार्फत यसलाई सम्बोधन गर्न सरकारले आवश्यक पहल लिनेछ। समझदारीका आधारमा यो आयोजनालाई अगाडि बढाउने छौं । लुम्बिनी प्रदेशलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउन खेलकुदले महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले कपिलवस्तु जिल्ला फुटबल संघलाई धन्यवाद ज्ञापन गर्नु भएको छ । फुटबल संघका अध्यक्ष तिलक थापाको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा प्रतियोगिताको उद्घाटन गरिएको थियो । कार्यक्रममा प्रदेशसभा सदस्य विष्णु पन्थी, बाणगंगा नगर पालिकाका प्रमुख चक्रपाणी अर्याल लगायतको विशेष उपस्थिति रहेको थियो । प्रतियोगितामा विभिन्न आठ समूहले सहभागिता जनाएका छन् ।

## विद्यालयको गुणस्तर....

हेको छ । यसैगरी, गुलरिया नगर पालिकामा एक, ठाकुरबाबा नगर पालिकामा दुई, र गेरुवा गाउँपालिकामा एक विद्यालयलाई तीन तारे स्तरमा पुऱ्याउने प्रक्रिया अघि बढाइएको छ । बेस बर्दियाका परियोजना संयोजक जगदीशप्रसाद चौधरीका अनुसार हाल जिल्लाका ३३ विद्यालयमा सरसफाइ सुधारका कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन् । वाटर एड नेपालको आर्थिक सहयोगमा नेपाल प्रजनन स्याहार केन्द्र तथा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको प्राविधिक सहकार्यमा बेस संस्थाद्वारा वास गेन्स परियोजना सञ्चालन भइरहेको छ । विद्यालयहरूमा खानेपानी, सर सफाइ, र स्वच्छतासम्बन्धी सुधार ले विद्यार्थीहरूको स्वास्थ्य सुधार गर्ने र सिकाइ वातावरण सहज बनाउने भएकाले स्थानीय तहहरूले यो अभियानलाई अझ व्यापक रूपमा लैजानुपर्ने बताइएको छ । बर्दियामा पहिलो पटक तीन तारे विद्यालय घोषणा भएपछि अन्य विद्यालयहरू पनि यो स्तरमा पुग्न प्रेरित हुने अपेक्षा गरिएको छ। स्थानीय सरकार, गैरसरकारी संस्थाहरू, अभिभावक, शिक्षक तथा विद्यार्थीको सहकार्यले बर्दियाका अन्य विद्यालयहरूलाई पनि स्वच्छ र गुणस्तरीय शिक्षाको उदाहरण बनाउन सकिने सरोकारवालाहरूले बताएका छन्।

### बाँके राष्ट्रिय निकुञ्जमा पर्यटन प्रवर्द्धन

# राप्तीमा बोटिङ,जङ्गल सफारीको तयारी




नमस्ते समाचारदाता
नेपालगञ्ज, फागुन/१५

बाँके राष्ट्रिय निकुञ्ज नजिक रहेको अगैया क्षेत्रको राप्ती नदीमा बोटिङ र ऱ्याफ्टिङको सम्भाव्यता अध्ययन हुने भएको छ। निकुञ्जले स्थानीय पर्यटन प्रवर्द्धनका लागि नयाँ योजनाहरू अगाडि बढाउँदै जङ्गल सफारी, हात्ती सफारी, चुरे हाइकिङलगायत गतिविधि सञ्चालन गरिरहेको छ। राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत वीरेन्द्र प्रसाद कँडेलका अनुसार कुसुमबाट अगैया हुँदै मधुईसम्म बोटिङ गर्न योजना बनाइएको छ। "हाल पानीको सतह कम रहेकाले सुरु गर्न सकिएको छैन, तर पानी बढेपछि बोटिङ सञ्चालन गरिनेछ," कँडेलले बताउनुभयो। निकुञ्ज क्षेत्रको पर्यटन विकासमा निजी क्षेत्रको लगानी आवश्यक रहेको भन्दै कँडेलले रोजगारी सिर्जना गर्ने उद्देश्यले स्थानीयलाई विभिन्न सीपमूलक तालिम सञ्चालन गरि रहेको जानकारी दिनुभयो। "ओभरी नजिकका क्षेत्रमा हात्ती सफारी, जङ्गल सफारी, मचान निर्माण, तथा पैदलयात्राका प्याकेजसहित पर्यटन प्रवर्द्धन गर्न निजी क्षेत्रको संलग्नता अपरिहार्य छ," उहाँले भन्नुभयो। बाँके राष्ट्रिय निकुञ्ज प्रवेशका लागि कोहलपुर, ओभरी र अगैया गरी तीनवटा मुख्य नाका प्रयोग गर्न सकिन्छ। नेचर गाइडसहित पर्यटकले निकुञ्जमा प्रवेश गरेर विविध अनुभव लिन सक्ने व्यवस्था मिलाइएको छ। "निकुञ्जले पर्यटकका लागि आवश्यक पूर्वाधार तयार गरि सकेको छ, तर निजी क्षेत्रले त्यसलाई अझै पूर्ण रूपमा आत्मसात गर्न सकेको छैन," कँडेलले बताउनुभयो। नेपालगञ्जका व्यवसायी कृष्णप्रसाद श्रेष्ठका अनुसार बाँके राष्ट्रिय निकुञ्ज पर्यटनका लागि अपार सम्भावना बोकेर बसेको छ, तर डेढ दशकको अवधिसम्म अपेक्षित पर्यटक आगमन नभएकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो । व्यवसायी कृष्णलाल चौधरीले गाभर क्षेत्रमा वार्षिक २५ हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक आउने गरेको उल्लेख गर्दै "यिनीहरूलाई बाँके राष्ट्रिय निकुञ्जसम्म पुर्याउन विभिन्न योजना बनिरहेका छन्," भन्नुभयो । गाभर क्षेत्रमा थारू, मुगाली, र हुम्ली संस्कृतिको मिश्रण पाइन्छ। निकुञ्जसँगको नजिकका कारण पदयात्रा र वन्यजन्तु अवलोकनका लागि यो क्षेत्र प्रमुख गन्तव्य बन्ने सम्भावना रहेको व्यवसायीहरूको भनाइ छ। २०६७ सालमा स्थापना भएको बाँके राष्ट्रिय निकुञ्ज नेपालकै कान्छो राष्ट्रिय निकुञ्ज हो। यो क्षेत्र दुर्लभ वन्यजन्तु र जैविक विविधताले सम्पन्न छ । निकुञ्ज कार्यालयका अनुसार यहाँ ३४ किसिमका स्तनधारी, ५० किसिमका दुर्लभसहित ३०० भन्दा बढी प्रजातिका चराचुरुङ्गी, २४ किसिमका घस्रने जनावर, र ५५ भन्दा बढी प्रजातिका माछा पाइन्छन् । स्थानीय तह, निजी क्षेत्र, र सरकारको संयुक्त प्रयासले बाँके राष्ट्रिय निकुञ्जलाई प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना रहेको सरोकारवालाहरूको निष्कर्ष छ।

## स्व. वीरेन्द्र स्मृति......

क्लब नेपालगन्जले निर्धारीत २० ओभरमा ८ विकेट गुमाउदै १२२ रन बनाएको थियो । सि यूवा क्लब नेपालगन्जका लागि अनिल गिरिले सर्बाधिक २२ रन बनाएका थिए । शुसान्त शाहीले २० विनायक गिरीले १९ र सौगात खत्रीले १३ रन प्रहार गरेका थिए। सि.एम एघारका बलर अस्मित शाहीले ४, विष्णु शाहीले २ विकेट लिए । नकआउट चरणमा खेलिने खेलमा सि.एम एघार दाङ्गले हार बेहोरे सगै स्व. वीरेन्द्र शाहि स्मृति खुल्ला टि२० क्रिकेट प्रतियोगिताबाट बाहिरिएको छ । प्रतियोगिताको दोस्रो खेल फागुन १७ गते विहान ९ बजे नेशनल क्रिकेट एकेडेमी लम्की कैलाली र भिक्ट्री भाईपर नेपालगन्ज विच हुने खेल संयोजक सुमन गुरुङ्गले जानकारी दिए । ८ वटा टिम सहभागी उक्त प्रतियोगिता प्रस्तावित अन्तराष्ट्रिय क्रिकेट मैदान कोहलपुरमा फागुन २० गते सम्म हुने आयोजकले जनाएको छ।


## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

# १० औं राष्ट्रिय खेलकुद चैतमा नहुने नयाँ मिति तोकियो

नमस्ते समचारदाता
काठमाडौं, फागुन/१५



यसअघि तय भएको मितिमा १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता नहुने भएको छ । कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा हुने भनिएको प्रतियोगिताको मिति फेरि सरेको हो। राष्ट्रिय खेलकुद परिषद् (राखेप) को बोर्ड बैठकले बिहीबार दशौं राष्ट्रियको नयाँ मिति तोकेको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप) का अध्यक्ष युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीको अध्यक्षतामा बिहीबार बसेको १२१ औं बोर्ड बैठकले दशौं राष्ट्रिय खेलकुद २०८२ साल जेठ ३ देखि १० गतेसम्म गर्ने निर्णय गरेको हो । यसअघि राखेपको ११८ औं बोर्ड बैठकले दशौं राष्ट्रिय खेलकुद २०८१ साल चैत २३ देखि ३० गतेसम्म गर्ने निर्णय गरेको थियो। बैठकले प्रथम राष्ट्रिय पारा खेलकुद २०८२ साल जेठ १७ देखि २१ गतेसम्म काठमाडौंमा गर्ने निर्णय गरेको छ । नेपाल ओलम्पिक कमिटीको अवैधानिक निर्वाचनमा सहभागी ६ राष्ट्रिय खेल संघलाई निलम्बन गर्ने निर्णय गरेको छ। निलम्बनमा परेका राष्ट्रिय खेल संघमा नेपाल ब्याडमिन्टन संघ, नेपाल टेनिस संघ, नेपाल साइक्लिङ संघ, नेपाल एथलेटिक्स संघ, नेपाल जिम्न्याष्टिक संघ र नेपाल भारोत्तोलन संघ रहेका छन्। राखेप कार्यकारी समितिको बैठकले उक्त ६ खेल संघलाई कार्वाही स्वरुप निलम्बन गर्न गरेको सिफारिसलाई राखेप बोर्ड बैठकले अनुमोदन गरेको हो।

# कर्णालीमा अन्तर्राष्ट्रिय चलचित्र महोत्सव–२०८१ हुने




नमस्ते समचारदाता
सुर्खेत, फागुन/१५

कर्णाली प्रदेशमा दोस्रो कर्णाली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव-२०८१ हुने भएको छ। सुर्खेतको वीरेन्द्रनगर र दैलेखको गुराँस गाउँपालिकामा महोत्सव दुई चरणमा सञ्चालन गर्न लागिएको हो।पहिले फागुन २५ गते महोत्सवको उद्धाटन चलचित्र संवाद वीरेन्द्रनगरस्थित सुभ होटेलमा र दोस्रो फागुन २६ गते दैलेखको गुराँस गाउँपालिकामा पर्यटन तथा जलवायू, अवार्ड समारोह गर्ने आयोजकले जनाएको छ। महोत्सव बारे जानकारी दिन आयोजकले पत्रकार मेटघाट कार्यक्रम समेत आयोजना गरेको थियो।कर्णालीमा भएका सम्भावनालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउन महोत्सव आयोजना गरिएको महोत्सवका निर्देशक चक्र बहादुर चन्दले बताए। कर्णालीमा रहेका पर्यटकीय स्थल, धार्मिक स्थल, चलचित्रका छायांकन स्थल, यहाँका अनगिन्ती कथा, कला, र ीतिरिवाज, वेशभूषा, परम्परा र भाषा संस्कृतिलाई चलचित्र निर्माता, निर्देशकले सम्बन्धित व्यक्तिमा प्रचार प्रसार गर्ने उद्देश्य र हेको जानकारी दिइएको थियो। कर्णालीबारे महोत्सवले यहाँका कथा, भाषा, लोभलाग्दा दृश्य आगामी दिनमा प्रचारप्रसार गरी सम्भावनाको ढोका खोल्ने बिस्वाससमेत गरिएको हो

## धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवनका असर

- दम, निमोनिया, ब्रोन्काईटिसजस्ता श्वासप्रश्वाससम्बन्धी समस्या देखा पर्ने,
- बारम्बार रुघाखोकी लाग्ने,
- कानको संक्रमण भई श्रवण शक्ति कम हुने,
- क्यान्सरको सम्भावना बढ्ने भएकोले,

धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन आफू पनि नगरौं, अरुलाई पनि गर्नबाट निरुत्साहित गरौं ।

# विद्यालयका हरेक क्षेत्रलाई सुधार गर्न सरकारको प्राथमिकता: मुख्यमन्त्री आचार्य

नमस्ते समचारदाता
बुटवल, फागुन/१५




लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले विद्यालयका हरेक क्षेत्रलाई सुधार गर्न सरकारले प्राथमिकताका साथ महत्वपूर्ण कार्यक्रमहरू अघि बढाएको बताउनु भएको छ । रामनगर जेसीज लुम्बिनी प्रदेश स्तरीय शैक्षिक तथा सांस्कृतिक मेला २०८१ को उद्धाटन गर्दै मुख्यमन्त्री आचार्यले विद्यालयका हरेक क्षेत्रलाई सुधार गर्न सरकार लागिपरेको बताउनु भएको हो । मुख्यमन्त्री आचार्यले 'मेरो विद्यालय, मेरो दायित्व' अभियानमार्फत सामुदायिक विद्यालयमा खस्कँदै गएको शैक्षिक गुणस्तर सुधार गर्ने संकल्प गरिएको उल्लेख गर्दै गत वर्षको एसईईको नतिजा कमजोर आएकाले यस वर्ष सुधार गर्ने लक्ष्य राखिएको बताउनु भयो ।'अभियानले पूर्व विद्यार्थीहरूको योगदानलाई महत्व दिँदै थालनी गरिएको छ। अहिले चारैतिरबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएका छन्,' उहाँले भन्नुभयो। उहाँका अनुसार सरकार शैक्षिक संस्थाहरूको सुधार गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्न प्राथमिकताका साथ अघि बढिरहेको छ। विद्यालयको हरेक क्षेत्र सुधार गर्दै अघि बढ्नका लागि समुदायको पूर्ण साथ र सहयोग आवश्यक रहेको बताउँदै मुख्यमन्त्री आचार्यले विद्यार्थी, अभिभावक, शिक्षक तथा पूर्व विद्यार्थीहरूलाई अभियानमा जोडेर सरकार अघि बढेको उल्लेख गर्नुभयो। प्रदेश सरकारले गत वर्षको एसईई नतिजालाई आधार मानेर शैक्षिक क्षेत्रको गुणस्तर मापन गरेको र त्यसलाई सुधार गर्ने प्रयासस्वरूप कारणहरूको खोजीमा लागेको छ। 'मेरो विद्यालय, मेरो दायित्व' अभियानले विद्यालयका पूर्व विद्यार्थीहरूलाई योगदान दिन प्रेरित गरिरहेको बताउँदै उहाँले कतिपयले आर्थिक रूपमा, कतिपयले प्राविधिक रूपमा तथा कतिपयले सिकेको सीप हस्तान्तरण गरेर विद्यार्थीलाई सहयोग गरिरहेको जानकारी दिनुभयो । मुख्यमन्त्री आचार्यले विद्यार्थीको मनोबल उच्च बनाउने, अभिभावकको विश्वास जित्ने तथा समाजमा सकारात्मक प्रभाव पार्ने उद्देश्यले शैक्षिक गतिविधिहरू अगाडि बढाइएको बताउनुभयो। अन्य विद्यालयहरूका लागि पनि सिकाइ केन्द्र बन्ने विश्वास व्यक्त गर्दै उहाँले शैक्षिक सुधारका लागि सरकारले महत्वपूर्ण कार्यक्रम अघि सारेको उल्लेख गर्नुभयो। उहाँले १६ देखि ४० वर्ष उमेर समूहका युवाहरूलाई संगठित गरी समाज परिवर्तनको अभियानमा गोलबन्द गरिएकोमा खुशी व्यक्त गर्दै युवाहरूमा सकारात्मक सोचको विकास गरेर सामाजिक कार्यहरू अघि बढाउन आवश्यक रहेको बताउनुभयो । जेसीजले हरेक गतिविधिलाई समाजसँग जोड्न सफल भएको उल्लेख गर्दै उहाँले युवामा पलाउँदै गएको नकारात्मक भावनालाई सकारात्मक दिशामा लैजान जरुरी रहेको बताउनुभयो। रामनगर जेसीज सन २०२५ का अध्यक्ष रमेश पराजुलीको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न उद्धाटन कार्यक्रममा सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिना, पूर्व मन्त्री तथा प्रदेश सभा सदस्य खड्ग बस्नेत लगायतको विशेष उपस्थिति रहेको थियो।

## सूचना । सूचना ।। सूचना ।।।

धार्मिक, साँस्कृतिक, असीम आध्यात्मिक, अतुलनीय पुरातात्विक स्मारकहरुयुक्त आराध्यदेव भगवान श्रीपशुपतिनाथको दिव्य निवासस्थल, गुह्येश्वरी, वच्छला, भुवनेश्वरी आदि देवीहरुको क्रिडास्थल, नेपाल देशको उद्भव भएदेखिकै पुण्यभूमि, यस दिव्यभूमि पवित्र पाशुपत क्षेत्रलाई सफा, स्वच्छ, स्निग्ध, शान्त, सुरक्षित एवम् सम्पदामैत्री बनाउनु हामी सबैको कर्तव्य हो ।

जय श्रीपशुपतिनाथ

पशुपति क्षेत्र विकास कोष
सञ्चालक परिषद्

नेपाल सरकार
विज्ञापन बोर्ड

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घघाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरु संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट



- बेसिक कम्प्यूटर (Basic Computer) — ७० सिट
- अंग्रेजी भाषा (English Language) — ५० सिट
- डिप्लोमा कम्प्यूटर (Diploma Computer) — ५० सिट
- Online Package (Email/internet) — ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके